# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नुवाकोट
### आन्तरिक आयको बोलपत्र आव्हान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७९।०२।२० गते)

**आ.व. २०७९/०८० को नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, लिखु गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०७९।०२।१८ को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०७९।०२।१९ गतेको निर्णय बमोजिम आ.ब. २०७९/०८० को लागि लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका लिखु र तादी नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर असुली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले ३० दिनभित्र (मिति २०७९।०३।२० भित्र) यस कार्यालयको कृषि विकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा वोलपत्र दस्तुर वापतको रु ५०००।०० पाँच हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व. सम्मको नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७७/०७८ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी ३१ औं दिन (मिति २०७९।०३।२१) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि विकास बैंक लि. छहरे शाखामा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ। रीतपूर्वक पर्न आएका बोलपत्रहरु ३१ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/आन्तरिक आय/२०७९/०८० | नुवाकोट जिल्ला, लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिखु नदीहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>क. ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरले<br><br>ख. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु .............................<br>१. व्लक प्रति गोटा रु ०।२५ (पचिस पैसा)<br>२. पानी प्रति लिटर रु ०।१५ (पन्ध्र पैसा)<br>३. पानी प्रति जार रु १।०० (एक रुपैयाँ)<br>४. मदिरा सिसी प्रति गोटा रु ०।०५ (पाँच पैसा)<br>५. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।०५ (पाँच पैसा)<br>६. फलाम प्रति केजी रु २।०० (दुई रुपैयाँ)<br>७. सिलौट, जस्ता प्रति केजी रु २।०० (दुई रुपैयाँ)<br>८. तामा, पित्तल प्रति केजी रु ३०।०० (तीस रुपैयाँ)<br>९. कागज प्रति केजी रु ०।२५ (पच्चीस पैसा)<br>१०. हाड, सिंग, खुर प्रति केजी रु २।०० (दुई रुपैया)<br>११. इटा लोकल प्रति गोटा रु ०।१० (दस पैसा)<br>१२. इनारको रिंग प्रति गोटा रु ३।०० (तिन रुपैयाँ)<br>१३. मेशिनबाट उत्पादित इटा प्रति गोटा रु ०।२५ (पचिस पैसा)<br>१४.खानी सन्चालन गरी विक्री गरेको माटो प्रति घ.फि. रु ०।८०(असि पैसा) | ४०७९९९८।४६ | रु ३६७१९९८६।१४ (रु तीन करोड सतसठी लाख उन्नाइस हजार नौ सय छयासी रुपैया चौध पैसा मात्र)<br><br>रु २५०००००।०० (पचिस लाख मात्र) | रु ५००० (पाँच हजार) |
| | कुल जम्मा | | रु ३९२१९९८६।१४ (रु तिन करोड बयानब्बे लाख उन्नाइस हजार नौ सय छयासी रुपैया चौध पैसा मात्र) | |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म e-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of e-bidding मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्न सकिने छ।

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र लिखु गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।
४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण प्रत्येक चौमासिक भुक्तान भएको महिना दिन भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र ठेक्का सकार गर्ने फर्मले संझौता अगावै निजले सकार गरेको कबोल अंक एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिने र अग्रीम एकमुष्ठ नबुझाएमा कबुल अंकको संझौता अगावै ६० प्रतिशत नगदै दाखिला र बाँकी ४० प्रतिशत रकमको लागि २०८० को कार्तिक मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।
६. कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।
७. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गरेमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।
८. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भूकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैंले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन ।
९. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।
१०. ठेक्का अवधि गाउँपालिकासंग संझौता भएको मिति देखि २०८० को आषाढ मसान्त सम्म रहनेछ ।
११. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।